# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive

प.सं.(Letter No.): २०७८/०७९
च.नं.(Ref.No.):

धनगढी, सिरहा, मधेश प्रदेश, नेपाल
Dhangadhi, Siraha, Madhesh Province, Nepal

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 033-545271


मिति : २०७८।१२।१५

**कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्नतरण सम्बन्धी सूचना ।**

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असससङ्गठित क्षेत्रमा रहेका यस धनगढीमाई नगरपालिकाको १०५८ अति विपन्न गरिव परिवारलाई चालु आर्थिक वर्ष २०७८/०७९ मा राहत स्वरुप एक पटकका लागि प्रति परिवार रु.१० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ । त्यस्तो अनुदान प्राप्त गर्न तल (क) मा उल्लेखित मापदण्ड भित्र पर्ने र खण्ड (ख) बमोजिम अयोग्य नभएको देहाय बमोजिमका परिवारको कुनै एक मात्र सदस्यले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफू स्थायी वा अस्थायी (न्यूनतम विगत ६ महिना देखि) रुपमा बस्दै आएको यस धनगढीमाई नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्नतरण कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा आ-आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

*(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही :*

(१) विगतमा गर्दै आएको रोजगारी पूर्ण रुपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी वेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,

(२) खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी,

(३) दैनिक ज्याला मजदुरी, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्सा चालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटन भरिया,

(४) कोभिड-१९ सङ्क्रमणको कारणबाट एका घर परिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नावालकलाई स्याहार गर्ने परिवार ।

*(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार*

(१) निवेदन दिंदाको समयमा निवेदनको एका घरपरि वारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरि रहेको,

(२) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक एकल महिला, दलित वा अपाङ्ग) वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरि रहेको,

(३) सञ्चित आय वा पैत्रिक सम्पतिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,

(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार ।

यस सँग सम्बन्धी अन्य जानकारी यस नगरपालिकाको वेवसाइट www.dhangadhimaimun.gov.np मा समेत उपलब्ध रहेको व्यहोरा अनुरोध छ ।

गोपाल प्रसाद बगाले
प्रमुख प्रशासकीय अधिकृत